# नवलपरासी जिल्लाको सुनवल–देवदह क्षेत्रमा ०६२ माघ २७ गते भएको घटनाको स्थलगत अध्ययन


## सारांश

प्रत्यक्षदर्शी, पीडित तथा स्थानीयबासिन्दासँगको कुराकानी र घटनाको स्थलगत अध्ययनबाट ०६२ माघ २७ गते अपरान्ह ५ बजेदेखि २ बजेसम्म सुरक्षाकर्मी र माओवादीहरूबीच भिडन्तमा १७ जना सुरक्षाकर्मी, एक जना सर्वसाधारण विद्यार्थी र तीन जना माओवादीहरू गरी जम्मा २१ जनाको  मृत्यु भएको पाइयो । तिनीहरूमध्ये आक्रमणमा परी १७ जना सुरक्षाकर्मीको मृत्यु भएको पाइयो । तर सुरक्षा निकायबाट १४ जना मात्र मृत्यु भएको भन्ने तथ्यांक दिइयो । आक्रमणका क्रममा माओवादीतर्फ चार जनाको मृत्यु भएको माओवादीले स्वीकार गरेको छ ।

घटनामा जम्मा २९ जना घाइते भएको पाइयो । तीमध्ये  २३ जना सुरक्षाकर्मीहरू र छ जना सर्वसाधारण रहेको पाइयो ।

भिडन्तमा माओवादीले बम विस्फोट गराई आगजनी गरी सुरक्षाकर्मी चढेको चारओटा गाडीहरूमा आगजनी गरी पूर्ण रुपमा नष्ट गरेको पाइयो ।

सुरक्षाकर्मीले आक्रमणको क्रममा सर्वसाधारणका घरहरू प्रयोग गरेको पाइयो ।

माओवादीले आक्रमणको क्रममा आक्रमणस्थल र सुनवल-देवदह क्षेत्रमा यत्रतत्र सकेटबमलगायतका युद्ध सामग्रीहरू फालेको पाइयो । घटनामा माओवादी तथा सुरक्षाकर्मीहरूको उक्त कार्यले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन भएको पाइयो ।

माओवादीले कब्जामा लिइएका बाह्र जना सुरक्षाकर्मीलाई मुक्त गरी मानवीय कानुनको पालना गरेको देखियो । तर आक्रमणकै क्रममा केही सुरक्षाकर्मीलाई कब्जामा लिए पश्चात हत्या गरिएको घटना अध्ययनबाट पाईएकोले अब यस्ता कार्यहरू नगरी अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न र कब्जापश्चात हत्या गर्नेहरूलाई कारवाही गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समिति माग गर्दछ ।

भिडन्तको समयमासर्वसाधारण महिलाको मृत्यु भएको र पाँच सर्वसाधारण घाइते भएकाले उनीहरूको उपचार गरी क्षतिपूर्ती दिन सरकारसँग माग गर्दछ । साथै उक्त भिडन्तबाट घरमा क्षति पुगेका सर्वसाधारणहरू र सुरक्षाकर्मीहरूद्वारा प्रयोग गरिएका सर्वसाधारणका ध्वस्त गाडीहरूको समेत क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दछ ।



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०६२ फागुन ५ गते, काठमाडौं

## Summary

After the field observation and interviews with witnesses and victims of incident as well as the locals Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC) has found that 17 security persons, 3 Maoists and one civilian, altogether 21 persons were killed during an encounter on February 9, 2006 from 5 p.m. to 2 a.m. However, the concerned authority has confirmed that 14 security persons were killed and 23 security persons and 6 civilians, altogether 29 persons were injured during the encounter. Maoists exploded 4 vehicles that were carrying security force.

HRTMCC has found that security persons had used civilian houses for defense while firing during the encounter. Maoists had not cleared scattered explosives at the place of incident as well as at the surrounding area such as Sunawal and Debdaha. HRTMCC states that such irresponsible behavior of the Maoists is against Humanitarian Laws.

Maoists have demonstrated commitment towards Humanitarian Laws by releasing 12 security persons abducted by them during the encounter. However, it seems that some of the security persons were killed by Maoists after taking as captive. In this regard, HRTMCC calls upon Maoists to abide by the Geneva Convention at any circumstances.

We demand with the state to provide proper medical treatment for civilians injured and compensation to the victim families. We also demand to pay compensations for the damaged vehicles and other properties belonging to civilians.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC, 17 February 2006**

## पृष्ठभूमि

पूर्व पश्चिम महेन्द्र राजमार्गको अति व्यस्त सडकमा नेकपा (माओवादी) ले घोषणा गरेको सात दिने नेपाल बन्दको सिलसिलामा अवरुद्ध गरेको सडकको अवरोध खुलाउन नवलपरासी जिल्लाको सदरमुकाम परासीबाट गएको संयुक्त सुरक्षाकर्मीको दुईओटा सैनिक ट्रक, एकओटा सिभिलयन ट्रक, एकओटा सिभिलयनको मिनिबस तथा त्यसमा रहेका सुरक्षाकर्मीहरूलाई ०६२ माघ २७ गते दिउँसो ३:३० बजेको समयमा सुनवल गाविस-४ रमवापुरमा उक्त गाडीहरूसहित माओवादीका सशस्त्र छापामारहरूले सडकमै रोके । सुरक्षाकर्मीहरू गाडीबाट झर्दै गरेको बेला माओवादीले एकाएक फायरिङ शुरु गरेपछि त्यहा दुई घण्टासम्म भिडन्त भएको थियो । सोही दिन सोही घटनामा थप बल पुर्‍याउनका लागि रुपन्देही जिल्लाको बुटवलस्थित २२ नं. बाहिनीबाट आएको सैनिक टोलीको गाडीलाई लक्षित गरी माओवादीले बेलुकी ५:०० बजे बम विस्फोट गराएपश्चात रुपन्देही जिल्लामा पर्ने पूर्व पश्चिम राजमार्गको देवदह गाविस-७ स्थित घोडाहा जंगलमा राती ८:०० बजेसम्म भिडन्त भएको थियो ।

### अध्ययनको उद्देश्य

१. घटनाको स्थलगत अध्ययन गर्ने ।
२. आक्रमणपछि अपहरितहरूलाई मुक्त गर्नका लागि पहल गर्ने ।
३. घटनाको सत्यतथ्यसहितको प्रतिवेदन तयार गर्ने ।

### अध्ययन पद्धति

१. घटनास्थलको अवलोकन ।
२. घटनाका प्रत्यक्षदर्शी, घाइते, घटनास्थल वरपरका मानिसहरूसँग घटनाका सम्बन्धमा बुझ्ने ।
३. घटनाका सम्बन्धमा सुरक्षा निकाय तथा स्थानीय प्रशासनसँग भेट गरी यथार्थ बुझ्ने ।

### मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट अध्ययन टोलीका सहभागीहरू

| | |
|---|---|
| १. जीवन्त वाग्ले | क्षेत्रीय संयोजक, इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा |
| २. लक्ष्मणदत्त पन्त | प्रलेख अधिकृत, इन्सेक, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा |
| ३. नारायण पराजुली | इन्सेक जिल्ला प्रतिनिधि, नवलपरासी |
| ४. तिलक आचार्य | अध्यक्ष, सामाजिक जागरण तथा विकास मञ्च, रुपन्देही |

### घटनाको संक्षिप्त विवरण

**घटना मितिः** ०६२ माघ २७ गते देखि माघ २८ गते बिहानसम्म
**घटना समयः** दिउँसो २:३० बजे देखि राती १:०० बजेसम्म
**घटनास्थलः** नवलपरासी जिल्लाको सदरमुकाम परासी बजारदेखि ९ कि.मि. उत्तर महेन्द्र राजमार्गमा पर्ने सुनवल गाविस-४ र सो गाविसबाट पश्चिम ७ कि.मि.मा पर्ने महेन्द्र राजमार्गमै अवस्थित रुपन्देही जिल्लाको देवदह गाविस-७, घोडाहा क्षेत्र ।

*तालिका नम्बर १*

**मृतकहरूको विवरण**
**मृतक सुरक्षाकर्मीको संख्या– नाम खुलेको- १४, नाम नखुलेको- ३**
**(क) नेपाल प्रहरी**

| क्र.सं. | मृतक | लिङ्ग | ठेगाना | जम्मा संख्या | घटनाको प्रकृति |
|---|---|---|---|---|---|
| १. | प्रहरी हवल्दार मिठु सार्की | पुरुष | पर्वत जिल्ला, आर्थरडाँडाखर्क–९ | १ | भिडन्तमा मृत्यु |
| २. | प्रहरी जवान रामविनोद शाह कानु | पुरुष | बारा जिल्ला, कोचर्वा–८ | १ | भिडन्तमा मृत्यु |
| **जम्मा** | | | | **२ जना** | |

(ख.) युनिफाइड कमाण्ड

| क्र.स. | मृतक | लिङ्ग | ठेगाना | जम्मा संख्या | घटनाको प्रकृति |
|---|---|---|---|---|---|
| १. | प्रहरी जवान सुमनकुमार श्रेष्ठ | पुरुष | रामेछाप जिल्ला, रामेछाप–४ | १ | भिडन्तमा मृत्यु |
| जम्मा | | | | १ जना | |

(ग.) शाही नेपाली सेना

| क्र.सं. | मृतक | लिङ्ग | ठेगाना | जम्मा संख्या | घटनाको प्रकृति |
|---|---|---|---|---|---|
| १. | नवराज पकल | पुरुष | अहृदमन गुल्म, परासी | १ | भिडन्तमा मृत्यु |
| २. | पूर्णबहादुर स्याङ्गतान | पुरुष | अहृदमन गुल्म, परासी | १ | भिडन्तमा मृत्यु |
| ३. | पुरुषोत्तम दाहाल | पुरुष | अहृदमन गुल्म, परासी | १ | भिडन्तमा मृत्यु |
| ४. | आशिस बस्नेत | पुरुष | अहृदमन गुल्म, परासी | १ | भिडन्तमा मृत्यु |
| ५. | हुकुम थापा | पुरुष | अहृदमन गुल्म, परासी | | भिडन्तमा मृत्यु |
| ६. | गंगा थापा | पुरुष | अहृदमन गुल्म, परासी | | भिडन्तमा मृत्यू |
| ७. | रमेस घिमिरे | पुरुष | अहृदमन गुल्म, परासी | | भिडन्तमा मृत्यु |
| ८. | जयबहादुर स्याङ्गतान | पुरुष | अहृदमन गुल्म, परासी | | भिडन्तमा मृत्यु |
| जम्मा | | | | ८ जना | |

(घ.) सशस्त्र प्रहरी

| क्र.सं. | मृतक | लिङ्ग | जम्मा संख्या | घटनाको प्रकृति |
|---|---|---|---|---|
| १. | प्रहरी सहायक निरीक्षक सुनिल मगर | पुरुष | १ | भिडन्तमा मृत्यु |
| २. | प्रहरी हवल्दार श्यामकुमार यादव | पुरुष | १ | भिडन्तमा मृत्यु |
| ३. | प्रहरी सहायक हवल्दार राजन ढुङ्गाना | पुरुष | १ | भिडन्तमा मृत्यु |
| जम्मा | | | ३ जना | |

(ङ) सर्वसाधारण

| क्र.सं. | मृतक | लिङ्ग | उमेर | ठेगाना | पेशा | जम्मा संख्या | घटनाको प्रकृति |
|---|---|---|---|---|---|---|---|
| १. | अस्मिता चापागाई | महिला | २० वर्ष | नवलपरासी जिल्ला, सुनवल-१, खैरानी | विद्यार्थी (केरवानी उच्च मा.वि.मा अध्ययनरत) | १ | माओवादीद्धारा सुरक्षाकर्मीलाई लक्षित गरी बिछ्याइएको विद्युतीय धराप बिस्फोट हुदाँ मृत्यु |
| जम्मा | | | | | | १ जना | |

(च.) माओवादी (घटनास्थलमा भेटिएमा लाशहरूको प्रकृतिको आधारमा)

| क्र.सं. | मृतक | लिङ्ग | उमेर | जम्मा संख्या | घटनाको प्रकृति |
|---|---|---|---|---|---|
| १. | नाम ठेगाना खुल्न नसकेको | पुरुष | अन्दाजी २८-३० वर्ष | १ | भिडन्तमा मृत्यु (कम्ब्याट ड्रेस) |
| २. | नाम ठेगाना खुल्न नसकेको | पुरुष | अन्दाजी २५-२६ वर्ष | १ | भिडन्तमा मृत्यु (कम्ब्याट ड्रेस) |
| ३. | नाम ठेगाना खुल्न नसकेको | पुरुष | अन्दाजी २५-२६ वर्ष | १ | भिडन्तमा मृत्यु (कालो टिसर्ट, कालो पाइन्ट, स्पोर्ट जुत्ता) |
| जम्मा | | | | ३ जना | |

*तालिका नम्बर २*

**घाइतेहरूको संख्या तथा विवरण**

**(क.) सुरक्षाकर्मी**

| **क्र.सं.** | **घाइते** | **लिङ्ग** | **उमेर** | **ठेगाना** | **जम्मा संख्या** | **घटनाको प्रकृति** |
|---|---|---|---|---|---|---|
| १. | प्रहरी जवान ओम प्रकाश शाक्य | पुरुष | ३४ वर्ष | जि.प्र.का. नवलपरासी | १ | भिडन्तमा घाइते |
| २. | सैनिक जवान घमण्ड पुन | पुरुष | २३ वर्ष | अहृदमन गुल्म | १ | भिडन्तमा घाइते |
| ३. | सैनिक जवान भक्तराज महत | पुरुष | २२ वर्ष | अहृदमन गुल्म | १ | भिडन्तमा घाइते |
| **जम्मा** | | | | | **३ जना** | |

*नोटः नवलपरासी जिल्लाको सदरमुकाम परासीस्थित पृथ्वीचन्द्र जिल्ला अस्पतालबाट प्राप्त जानकारी अनुसार सो अस्पतालका चिकित्सकहरूको एक टोलीले सुरक्षाकर्मीहरूको सैनिक क्याम्पमै गएर २० जना सैनिकहरूको प्राथमिक उपचार गरेको थियो । ती सुरक्षाकर्मीहरूलाई प्राथमिक उपचार पश्चात सैनिक अस्पताल, छाउनी, काठमाडौं लगिएको छ ।*

**(ख.) सर्वसाधारण**

| **क्र.सं.** | **घाइते** | **लिङ्ग** | **उमेर** | **ठेगाना** | **पेशा** | **जम्मा संख्या** | **घटनाको प्रकृति** |
|---|---|---|---|---|---|---|---|
| १. | मञ्जु खडका | महिला | १७ वर्ष | देवदह-८, भलुई, रुपन्देही | विद्यार्थी | १ | गोली लागि घाइते । |
| २. | देवी तिवारी | महिला | २४ वर्ष | देवदह-२, रुपन्देही | | १ | |
| ३. | गंगा त्रिपाठी | महिला | २२ वर्ष | देवदह-१, रुपन्देही | | १ | |
| ४. | चन्द्रकला नेपाली | महिला | ४० वर्ष | सुनवल-१, प्रगतिटोल | | १ | हातमा गोली लागेर घाइते । |
| ५. | पवित्रा ढकाल( जुना) | महिला | ४६ वर्ष | सुनवल गाविस-४ रमवापुर | | | दाहिने साप्रामा गोली लागि घाइते |
| ६. | पवन मल्लाहा | पुरुष | | जिल्ला रुपन्देही सिक्टन गाविस | | | |
| **जम्मा** | | | | | | **६ जना** | |

**घटनास्थलको विवरण**

भिडन्तपश्चात सुनवल, रमवापुरस्थित घटनास्थलमा १७ जना सुरक्षाकर्मी र एक सर्वसाधारण सुनवल-१, खैरानी निवासी २१ वर्षीय अस्मिता चापागाईको लाश फेला परेको छ भने छ जना सर्वसाधारण घाइते भएकोमा परासीस्थित पृथ्वीचन्द्र अस्पतालमा प्रारम्भिक उपचारपछि दुई जनालाई काठमाडौं र भैरहवामा थप उपचारका लागि रिफर र एक जनालाई माघ २९ गते डिस्चार्ज गरिएको छ । चापागाईको मृत्यु सुनवल गाविस-१ नयाबस्तीमा माओवादीद्वारा सुरक्षाकर्मीलाई लक्षित गरी बिछ्याइएको विद्युतीय धराप बिस्फोट हुँदा भएको हो । त्यसअघि भिडन्तबाट भागी आएका तीन जना सुरक्षाकर्मीहरू सुनवल हुँदै परासी जान लागेको कान्तिपुर पब्लिकेशन्सको पत्रिका बोक्ने गाडीमा जबरजस्ती चढेर परासीतिर जान लाग्दा सुनवल गाविस-३ आसामबासीमा



**भिडन्तको क्रममा मारिएका माओवादी कार्यकर्ता**

विद्युतीय धराप पडकिदा सो गाडीमा समेत क्षति पुगेको थियो ।  उक्त क्षेत्रमा प्रवेश गर्न सेनाले रोक लगाएको थियो । भिडन्तले गाउँलेहरू त्रसित भएका छन् ।

माघ २७ गते नै सुरक्षाकर्मी र माओवादीको बीचमा भएको भिडन्तमा परी मृत्यु भएकाहरूमध्ये महेन्द्र राजमार्ग अन्तर्गत पर्ने देवदह गाविस-७ स्थित घोडाहाको जङ्गलमा राजमार्गको उत्तर पट्टीको छेउमा तीन छुट्टाछुट्टै स्थानमा माओवादीका तीनवटा मृत शरीरहरू माघ २९ गते अनुगमन टोलीले भेटेको थियो । तीनओटै लाशहरू उत्तानो अवस्थामा देखिएका थिए र तीमध्ये दुईको शरीरमा कम्ब्याट पोशाक रहेको थियो । लाशहरूमा झिगाँ भन्केर दुर्गन्ध आइरहेको थियो । लाश भएको स्थान हेर्दा कम्ब्याट ड्रेस लगाएका दुवैजनाको अनुहारमा रगत पोतिएको तर लाश भएको ठाउँमा रगत नदेखिएको  तथा कम्ब्याट ड्रेस नलगाएको लाशको टाउको मुनी केही रगत बगेर जमेको देखिएको थियो । लाशको सनाखत हुने केही पनि थिएनन् । कम्ब्याट लगाएका दुई जनाको लाश अन्यत्र कतैबाट ल्याएर त्यहाँ राखिएको जस्तो देखिएको थियो । तीनवटै लाशहरू राजमार्गबाट करिब २० मिटरको दुरीमा जङ्गलतर्फ रहेका थिए ।

उक्त घटनास्थलका आसपास र जंगलक्षेत्रमा नपडकेका सकेट बम सयौं र हजारौं गोली र गोलीका खोकाहरू २ कि.मि. पूर्व पश्चिम, उत्तर दक्षिणमा रहेका  छन् । दुई थान स्वचालित र ५१  एम एम मोटार र त्यसका बाहिरी खोलहरू यत्रतत्र रहेकाले फेरी त्यस ठाउँमा अप्रिय घटना हुन सक्ने सम्भावनाले अहिले त्यस ठाउँका जनताहरू भय र त्रासमा बाँच्न बाध्य छन् । घटना भएको भोलिपल्ट ०६२ माघ २८ गते सुनवल गाविसस्थित नेपाल रेडक्रस सोसाइटीले माइकिङ गर्दै जंगलतर्फ नजान र देखेका विस्फोटक पदार्थ नछुन तथा देखेमा सुरक्षाकर्मी संघ सस्था, रेडक्रस मा जानकारी गराउन भनेको थियो ।

घटना भएको दिनदेखि सुनवल गाविस-४ रमवापुर,  सुकुम्वासीटोलका  जनताहरू घर अगाडि र पछाडि वरपर  खेत, गौ बारी, घोला कुला  र राजमार्गमा आसपासमा रहेका लाशहरू र सुरक्षाकर्मीहरू विशेष गरेर सैनिकहरूको गस्तीका कारण घर छाडेर बाहिर बसेकाहरू माघ २९ गते सम्म पनि घर फर्कन सकेका छैनन् ।

माओवादीहरूले जलाएर ध्वस्त पारेका चारओटा गाडीहरूमा आगो लगाएको मा ०६२ माघ २९ गते साँझ ५:३० बजे सम्म पनि ती सवारी साधनहरूमा आगो बलिरहेको थियो ।

## घटना विवरण

पूर्वपश्चिम महेन्द्र राजमार्गको सुनवल-बुटवल खण्डमा माओवादीहरूले  माघ २३ गते देखि नै सडकमा अवरोध खडा गर्दै आएका थिए । माओवादीहरूले अवरुद्ध गरेको सो खण्डको सडक खुलाउन भनी नवलपरासी र रुपन्देहीबाट गएको संयुक्त सुरक्षाकर्मीमाथि माघ २७ गते दिउँसो ३:३० बजे सुनवल र बेलुकी ५:०० बजे देवदहको घोडाहा क्षेत्रमा आक्रमण गरेका थिए ।

घटनाका प्रत्यक्षदर्शी तथा स्थानीय बासिन्दाहरू समेतका अनुसार मिति २०६२ माघ २७ गते दिउँसो ३:३० बजेको समयमा माओवादीहरूले सुरक्षाकर्मीहरू चढेको चारओटा गाडीहरूमा एकैपटक फायरिङ शुरु गरेपछि करिब दुई घण्टासम्म भिडन्त भएको र सो भिडन्तमा १७ जना सुरक्षाकर्मी लगायत माओवादी र सर्वसाधारणले ज्यान गुमाएका हुन् ।

दोहोरो भिडन्तको क्रममा माओवादीले सुरक्षाकर्मीका दुईओटा सैनिक ट्रक र सैनिकले नै प्रयोग गरेका दुईओटा सर्वसाधारणका गाडीहरूसमेत पूर्णतः जलाएर ध्वस्त पारेका छन् ।

देवदह गाविस-७ घोडाहा स्थित ७२ वर्षीय अनिरुद्र पाण्डेको घरमामा सेल्टर लिई सेनाले माओवादीसँग भिडन्त गरेकाले पाण्डेको दुईतले  घरमा क्षति पुगेको छ भने सो क्षेत्रमा सुरक्षाकर्मीले सर्वसाधारणका घरहरू सुरक्षाको लागि ब्यापकरुपमा प्रयोग भएको पाइयो ।

माओवादी र सुरक्षाकर्मी दुवैतिरबाट विभिन्न ठाउँमा प्रहार गरिएका बम गोलीले केही सर्वसाधारणहरूको घर तथा रमवापुर स्थित रमवापुर प्राथमिक विद्यालयमा क्षति पुगेको छ ।

दोहोरो भिडन्तका क्रममा सुनवलको रमवापुर र देवदहको घोडाहा क्षेत्र वरपर १७ जना सुरक्षाकर्मी, एक जना सर्वसाधारण र चार जना माओवादी समेत गरी २२ जनाको मृत्यु भएको पाइयो । सर्वसाधारण छ जना र सुरक्षाकर्मी २३ जना गरी २९ जना घाइते भएको पाइयो ।



*भिडन्तको क्रममा माओवादीले आगो लगाएर जलाएको सेनाको गाडी*

**घटनाका सम्बन्धमा प्रत्यक्षदर्शी तथा घाईतेहरूको भनाई**
**प्रेम रिमाल, ६४**
**बजार प्रतिनिधि, दैनिक लुम्बिनी**

माघ २७ गते  माओवादीले बाटो खुलाउन आएका सुरक्षाकर्मीहरूलाई एक्कासी आक्रमण गरेपछि भिडन्त भएको हो । सो समयमा सुरक्षाकर्मीहरूले छ ओटा गाडीहरू प्रयोग गरेका थिए ।  ती मध्ये चारओटा गाडीलाई माओवादीले जलाएर ध्वस्त पारे । घटना लगत्तै सुरक्षाकर्मीहरूले सर्वसाधारणलाई जथाभावी गाली गलौज गर्दै दुर्व्यवहार गरेका थिए ।

**ब्रम्हदेव कुर्मी**
**सुनवल गाविस-२ स्थित बेलारी प्राथमिक विद्यालयका प्रधानाध्यापक**

माघ २७ गते माओवादीद्वारा घोषित बन्दको दिन १०:३० बजे माओवादीले विद्यालय खोल्न भनेपछि विद्यालय खोलियो । त्यस पछि बन्द गरेर आउनुस् भनियो र तिनीहरूको भनाई अनुसार बन्द गरेर सुनवल चौराहा तिर आउँदा माओवादीहरू शाही नेपाली सैनिकको Mine Proof Vehicle  बख्तरबन्द गाडी देखेर कहाँ जाँदोरहेछस्  भन्दै आपसमा कुरा गरिरहेका थिए ।

त्यसपछि जब दोहोरो फायरिङ्ग चल्यो तब केही छिन पछि चार जना सैनिकहरू आए जसमध्ये एक जनाले दुइओटा बन्दुक समातेका थिए । हामी ५० जना मध्ये चार जना बाँचेका छौ एक जना ढलेकोले उसको समेत हतियार लिएर आएका छौं भने र मैले हल्ला नगरी चुपचाप बस्न लगाए ।

**देवी ढकाल**
**सुनवल गाविस-४**

छोरी र आफूहरूसमेत खाटमुनि सुतेर बाँचियो, बाँच्ने कुनै आशा थिएन । भित्रै दुईओटा बम पड्के । घरको छाना छेडेर प्वालै प्वाल छ । भात पकाउने डेक्ची र पानी खाने जगमा समेत गोली लागेर प्वाल परेको देखाउँदै आर्मीका भाइहरू आएर ढोका खोल भन्दै लातले ढोका हाने, आर्मीका भाइहरू रहेछन यिनीहरूले त सुरक्षा देलान नि भनेर ढोका खोलिदिए । खाट मुनि दुई जना थिए, तिनीहरूलाई माओवादीले लिएर गए । त्यहाँ दुइओटा सकेट बम घर भित्र र एक थान सकेट बम घर पछाडी थिए । गोलीका खोकाहरू १०/१५ थान थिए । हामी चार जना खाटमुनी सुतेर बाँचियो ।

**टंकप्रसाद शर्मा, वर्ष ५८**

आर्मीको गाडी आयो अब त बाटो खुलाउने भयो भनेका थियौ र हामी हाम्रो काममा लाग्यौ । एक्कासी ड्याङ र डयाङ आवाज आयो । हाहाकार मच्चिन थाल्यो । हामी घरभित्र पसेर खाटमुनी लुक्यौ घरको भित्तामा दुइओटा गोली लाग्यो । हामी पनि बाँच्न पाइने भएन भनेर त्राही तराही भयौ । बाहिर झरप झरप आवाज सुनिएको थियो, सायद त्यो माओवादी छापामारको हिँडाइ थियो होला । देख्न देखिएन सबै तिरबाट गोलीको आवाज आएको थियो ।

**भिमलाल खनाल,  वर्ष ८०**
**सुनवल गाविस-४ रमवापुर**

मेरो (जेठी छोरी की छोरी) नातिनी अस्मीताको माओवादीले थापेको विद्युतीय धरापमा परेर मृत्यु भयो । घरमा त्यस्तो क्षति केही भएको छैन ।

**कुलप्रसाद अधिकारी, वर्ष ७३**
**सुनवल गाविस-४,  रमवापुर**

दायाँ चाँप दायाँ भन्दै परालको टौवा तिरबाट ३०/३५ जना र हाम्रो घरको आँगन उत्तरतर्फबाट ठेल्दै लगेर एक जनालाई पल्लो घरको मलखातानेरको खेतमा र एक जनालाई घरनेर गोली लागेर पानी नभएको कुलोमा घोप्टो अवस्थामा मारिएको थियो । हामी दुई जना श्रीमान र श्रीमतीलाई बुढा भित्र जा भित्र, बाहिर ननिस्क भन्दै पानी  भएको घोलको कुलातिर  लगेकोमा चार जनालाई घोलमै पानीमा मारेका रहेछन् । हामीलाई र घरलाई केही भएन मरेपनि एकै चोटी मरौला भनेर बाहिर भित्र गर्दा पनि सँगै गरियो । हाम्रो एउटा बेलौतीको रुखमा गोलीले लागेको छ । केही टायलहरू फुटेका छन् ।



***घटनास्थलमा छाडिएको रकेट लन्चर***

**रामलाल गिरी, वर्ष ५१**

माओवादीले मेरो छोरा ३२ वर्षीय जगन्नाथ गिरीलाई तानेर सेना हो भनेका थिए । हैन मेरो छोरो हो भनेर अनुरोध गरेपछि बल्ल छाडे । ढोका खोल्न भनेका थिए । ढोका खोल्छौ की पड्काइदिम् भन्दै आए । खोल्छौ भन्दा भन्दै खोल्दा खोल्दै झ्यालबाट हानेको गोलीले छडको सरिया दुई टुक्रा भएको र जाली छिया छिया भयो । ठूलो कालले बाँचियो । घर अगाडि एकजना पुरुषको लास र पारी पट्टि महिलाको लास देखिएको थियो, पछि महिलाको लास थिएन ।

**भक्तबहादुर आले**
**रमवापुर सुकुम्वासी टोल**
**वर्ष ५० परिवार संख्या ३**

कार्तिक ६ गते भैसी ब्याएको हो । मैले निर्धन वैंकबाट १५ हजार ऋण र तीन हजार म आफैले जम्मा गरी १८ हजारमा भैंसी किनेर ल्याएको हुँ । त्यस दिन मैले भैंसी ल्याएर बाँधे र भित्र पसे । बाहिर भैंसीलाई गोली लागेछ र भैंसी पल्टियो । एक-दुई माना रगत दिशा गर्ने ठाउबाट फाल्यो । हामी सपरिवार घरबाट भागियो । भैसी ८ बजे तिर मर्‍यो भन्ने थाहा भयो । माओवादीले मेरो छोरालाई भित्र लुकेर बसेको बेला तँ सैनिक होस भनी घाँटीमा समातेर थर्काए । मैले मेरो छोरो हो भनी हात जोडी फुत्काए । अब मेरो २,४ पैसा कमाई गर्ने भैसी मर्‍यो । ऋण ज्यूका त्यू छ कसरी त्यो ऋण तिर्ने? कसरी अर्को भैंसी ल्याउने ? म साह्रै विरहमा छु । भैंसी विमा गराएको कागज पनि हराएछ के गर्ने ?

**अनिरुद्र पाण्डे**
**देवदह, घोडाहा**

मेरो घर यही पेट्रोल पम्पनिर हो । हामी घरमा बसिरहेको समयमा सैनिकहरू आई हामीलाई बाहिर निकाली घरका कोठा र छतबाट अन्धाधुन्दा फायरिङ् गरे । उत्तरपट्टिबाट आएको गोलीले मेरो घरमा प्वाल परेको छ । गोठमा बाँधी राखेको बाच्छाको जुरोमा र बाखाको अगाडि पट्टि हेकुलामा पनि चोट लागेर सुनिएको छ ।

**होमनाथ आचार्य, वर्ष ५४**
**रमवापुर दामोदरकुण्ड**

माओवादीहरूले पुलदेखि पारी गएर बस्नुहोस् यहाँ सेना आएर फेरी दोहोरो फायरिङ्ग हुनसक्छ भनेकाले १ कि. मि. पर घर देखि पूर्व गई दुई दिनसम्म यहाँका टोलबासी त्यही बसे । साथै आर्मीको व्यवहार राम्रो नभएर सर्वसाधारणलाई भन्नु नभन्नु गरी गाली गरे । मैले १६ जना सुरक्षाकर्मीको लास आफ्नै आँखाले देखेको हुँ । ५.३० बजेतिर माओवादीहरू एक ठाँउमा जम्मा भई परेड खेली नारा लगाउदै गए ।

**मनमाया गिरी, वर्ष ५१**
**रमवापुर**

मेरो श्रीमान्को नाम रामलाल गिरी हो । हामी गोली चलेपछि घरभित्र गएर खाटमुनी लुकेर बसेका थियौं । माओवादी महिलाहरू आएर तेरो घरमा आर्मी लुकाई राखेको छ, ढोका खोल भने । ढोका खोल्न ढिलो भएपछि झ्यालबाट महिला माओवादीले गोली हानिन् । मैले ढोका खोले । ५, ६ जना माओवादी भित्र पसेर मेरो छोरालाई आर्मी होस् भनी समातेका थिए । मैले मेरो छोरो हो भनी सकेपछि छोडिदिए मेरो घरका टिनका छानाहरू प्वाल परेका छन् । मेरो घरको पिढीमा एक जना मान्छे मरेको थियो । कपडा त्यही बाहिर छ । लाश माओवादीले उठाई लगेका हुन ।

**लुम्बिनी अञ्चल अस्पताल, बुटवलबाट प्राप्त जानकारी**

माघ २७ गते गते साँझ नै महेन्द्र राजमार्ग अन्तर्गत रुपन्देही जिल्लाको देवदह गाविस-७ को घोडाहा जंगल क्षेत्रमा माओवादी र सुरक्षाकर्मी बीच भिडन्त हुँदा सोही गाविस-८ भलुही स्थित आफ्नै घरमा रहेको अवस्थामा साँझ ५ बजे तिर देब्रे खुट्टाको घुँडा माथि गोली लागि वर्ष १७ कि मञ्जु खड्का घाइते भई हाल निजलाई लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा भर्ना गरिएको छ । उनको अवस्थाको बारेमा उनकी आमा पार्वती तथा उपचारमा संलग्न स्टाफ नर्स राधा पौडेलसँग अस्पतालमा भेट गरी जानकारी लिइयो । मांसपेशीमा मात्र गोली लागेकोले शल्यक्रिया गरी गोली निकाली सकिएको र Bone

Injury नभएकोले Dressing र Stitch पछि डिस्चार्ज गर्न सकिने संभावना स्टाफ नर्सले जानकारी गराउनु भयो ।

*माओवादीले **जुना ढकाललाई** गोली लागेको ठाँउमा बेण्डेज गरी प्राथमिक उपचार गरिदिएको स्थानीय बासिन्दाले बताए ।*
*आर्मीको क्याप्टेनको साप्रामा गोली लागेर अगाडि भागेर गएको देखियो भन्ने स्थानीयवासी खेमलाल पौडेलले बताए ।*
*रमवापुर स्कूल नजिकै टिकाराम सापकोटाको बाखालाई खुट्टामा गोली लागेको र सोही ठाउँका उमाकान्त चापागाईको भैसीको पाडोको खुट्टामा पनि गोली लागेको छ ।*

## इन्सेक तथा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको पहलमा अपहरित सुरक्षाकर्मीहरू मुक्त

नवलपरासी जिल्लाको सुनवलमा ०६२ माघ २७ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त भएपछि माओवादीले अपहरण गरी लगेका १२ जना सुरक्षाकर्मीमध्ये दश जना इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक जीवन्त वाग्ले र फोसाड, रुपन्देहीका अध्यक्ष तिलक आचार्यको पहलपछि उहाँहरूकै जिम्मामा ०६२ माघ २९ गते पाल्पाको हुमिन गाविसबाट मुक्त भए । उनीहरूको मुक्तिका लागि सुनवल घटनाको सम्बन्धमा स्थलगत अध्ययन गर्ने क्रममा इन्सेकका जीवन्त वाग्ले, लक्ष्मणदत्त पन्त, एड्भोकेसी फोरमका भुपेन्द्र खनाल, सिविनका प्रेम सोडमेन, नेपाल बारका सचिन घिमिरे, नेपाल मानवअधिकार संगठनका खगराज आचार्य र एनजिओ फेडेरेशनका रामप्रसाद सुवेदी लगायतको एक समूहले पहल गरेपछि माओवादीले उनीहरूलाई मुक्त गरेका थिए ।

मुक्त हुनेहरूमा बाजुरा घर भएका नायक गंगाबहादुर कौली, रुपन्देही घर भएका सशस्त्र प्रहरी हवल्दार कपिल चौधरी, नवलपरासी घर भएका हवल्दार प्रेमसागर चौधरी, बर्दिया जिल्ला क्याउलापुल घर भएका सैनिक जवान महेन्द्र चौधरी, तनहुँ दमौलीका सैनिक जवान लिलबहादुर गुरुङ्ग, पाँचथर घर भएका सैनिक जवान लोकेन्द्र लिम्बू, पाँचथरकै सैनिक जवान दीपक शिवाकोटी, काभ्रे पनौतीका सैनिक जवान सुमन दाहाल, बाँके घर भएका सैनिक जवान राजेन्द्र सिंह महतारा, सैनिक जवान धीरबहादुर थापा रहेका छन् । उनीहरूलाई मानवअधिकारकर्मीको जिम्मामा तथा पत्रकार भगवान भण्डारी, रामप्रसाद न्यौपाने, प्रकाश खनाल र जगदिश भट्टराईको रोहवरमा मुक्त गरिएको हो भने पाल्पा घटनामा अपहरणमा परि मुक्त भएका सैनिक जवान बैतडी घर भएका कमानसिंह ऐर र कञ्चपुर घर भएका सैनिक चन्द्रमान ऐर माओवादीको नियन्त्रणमा रहेका छन् । मुक्त भएका मध्ये कपिल चौधरी, प्रेमसागर चौधरी र लिलबहादुर गुरुङ्गले आफूखुशी आ-आफ्नो घर जाने बताए ।

## घटनाको सम्बन्धमा सुरक्षा निकाय तथा प्रशासनको भनाई

### निरञ्जन बराल
### जिल्ला सुरक्षा समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी

राजमार्गको अवरोध हटाउन परासी र रुपन्देहीबाट सुरक्षाफोर्स परिचालन गरिएको हो । अपरेशनको बारेमा सबै कुरा मलाई थाहा हुँदैन । घटनामा परी जम्मा १४ जना सुरक्षाकर्मीहरूको मृत्यु भएको कुरा मलाई सेनाका कर्णेलबाट जानकारी प्राप्त भएको हो । मृत्यु हुने सैनिक र सशस्त्रको नाम मसँग छैन । सो घटनाका घाइतेहरूलाई हेलिकोप्टरबाट काठमाडौं पठाइएको हो । सर्वसाधारणहरूको क्षतिको बारेमा हालसम्म कुनै उजुरी आएको छैन र उजुरी आएमा क्षतिपूर्ति सम्बन्धमा कारवाही अगाडि बढाईने छ र केही त गर्नै पर्छ । सुरक्षाफोर्ससँग आवश्यक परेको बेलामा पर्याप्त सवारी साधन नभएकोले जरुरी परेको अवस्थामा बाध्यतावश सार्वजनिक यातायातका साधनहरूमा सुरक्षाकर्मीहरू लिएर हिंड्नु परेको हो । पाल्पा घटनामा माओवादीद्वारा कब्जा गरेर मुक्त भएका सैनिकहरू बुटवल हुँदै आफ्नो घरतिर जानका लागि सुरक्षाका कारण फोर्ससँगै पठाएको हो र तिनिहरू सिभिल ड्रेसमा थिए ।

### राम कुमार खनाल
### जिल्ला प्रहरी कार्यालय, नवलपरासीका प्रमुख एवं प्रहरी उपरिक्षक

अवरुद्ध सडक खुलाउनका लागि १५ जना प्रहरीसहितको सुरक्षाकर्मी परासीबाट सैनिक क्याप्टेनको कमाण्डमा दिनको ११ बजेतिर प्रस्थान गरेको हो र सुरक्षाकर्मीको एउटा टोली पहिलेदेखि नै सुनवलमा रहेको थियो । आवश्यकता अनुसार प्रहरी फोर्स पठाइदिन सेनाले सूचना गरेपछि प्रहरीहरू खटाउने गरिएको

छ । प्रहरी हवल्दार मिठु नेपाली (सार्की), सिपाही रामविनोद शाह र युनिफाईड कमाण्डका सिपाही सुमन श्रेष्ठको घटनामा परी मृत्यु भएको हो । एकजना सुरक्षाकर्मीलाई टाउकोमा हानेर मारेका छन् र अन्य केही सुरक्षाकर्मीलाई निसश्त्र भएर भागिसकेको अवस्थामा फेला पारेर मारेको भन्ने जानकारी पाएको छु । प्रहरीतर्फ कोही पनि घाइते भएका छैनन् । माओवादीहरूका ३५-४० जति लाश आफैले बोकेर लगे भन्ने सुनेको छु । आक्रमण गर्ने समयमा २५० जति माओवादीहरू थिए भन्ने सुनेको थिएँ । दुईजना सर्वसाधारणमो मृत्यु भएकोमा एकजना अस्मिता चापागाई हुन र अर्को को हो थाहा भएको छैन । कानुनी कार्वाहीका लागि नियन्त्रणमा लिइएको एउटा ट्रकसहित दुईओटा ट्रक र एकओटा मिनिबस गरी तीनओटा सार्वजनिक यातायातका साधनहरू, दुईवटा सैनिक ट्रक र एउटा Mine Proof Vehicle गरी ६ ओटा मा सुरक्षाकर्मीहरू गएकोमा Mine Proof Vehicle लाई सेनाले बचाए । मिनिबस, एउटा भाडाको ट्रक र दुईओटा सैनिक ट्रक गरी चारओटालाई माओवादीले जलाए ।

**सुमित विक्रम राणा**
**सैनिक लेफ्टिनेन्ट**

क्षतिको बारेमा हाम्रो हेडक्वार्टले भनिसकेको छ । सुरक्षाकर्मीहरूको मृत शरीर हिजो (२८ गते) बेलुका उठाएर लगि सकिएको छ । नागरिकहरूको घरहरूमा बमहरू देखिएको छ । सर्वसाधारणका घरपालुवा जनावरहरूलाई गोली लागेको छ । नागरिकहरूका घरहरू खाली छन् । एकदुई जना सुरक्षाकर्मीहरूलाई माओवादीहरूले नियन्त्रणमा लिएर कुटीकुटी मारे । यहाँ भेटिएका बमहरू जम्मा गरेर हामीहरूले ब्यवस्थित गर्दैछौं ।

*नोटः भिडन्तमा परी मृत्यु भएका सैनिकलगायत घटनाका बारेमा शाही नेपाली सेनाको नवलपरासी स्थित अहृदमन गुल्मका अधिकारीहरूसँग बुझ्न खोज्दा भेट गर्न अस्वीकार गरियो ।*

*घटना सम्बन्धमा रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी गंगादत्त अवस्थीसँग सर्म्पक गर्दा आधिकारिक कुरा आफूसँग आई नपुगेको, सुरक्षा निकाय कार्यव्यस्तताले कोअपरेट हुन नसकेको, तपाईहरूले जे सुन्नु भयो मैले पनि त्यही सुनेको छु । १/२ दिनमा सबै कुरा आएपछि पाउनु हुनेछ भन्नु भयो ।*

*सोही घटनाका बारेमा रुपन्देही जिल्लाका एस पी विश्व जवरासँग सर्म्पक गर्दा हामीसँग आधिकारीक केही आउँदैन तपाईहरूले जे समाचार पढनु भयो त्यही हो । आर्मीले माथिल्लो निकायमा जाहेर गर्छ तल्लो निकायमा जाहेर नगर्ने हुदाँ मलाई थाहा हुन सकेन । बाहिनीबाटै जानकारी लिनु भए राम्रो हुने थियो भनी बताउनु भयो ।*

**घटनाको सम्बन्धमा माओवादीको भनाई**
**नेत्र पाण्डे**
**नेकपा (माओवादी) का जिल्ला जनप्रशासक प्रमुख**

माघ २६ गतेको घटनामा स्थानीय सर्वसाधारण २२ वर्षीय अस्मिता ढकालको मृत्यु भएकोमा हामी धेरै नै दुखित भएका छौ । हामीले युद्धका अवस्थामा अपनाउनु पर्ने जेनेभा महासन्धिलाई अक्षरसः पालना गर्ने प्रयत्न गरेका छौ । यो घटनामा हाम्रा चार जना साथीहरूको मृत्यु भएको छ । तरपनि, युद्धमा यसरी असंलग्न व्यक्तिहरूको मृत्यु हुनु सान्है निन्दनीय कुरा हो । पहिलेको भन्दा मानवअधिकारका सिद्धान्त र व्यवहारमा धेरै नै सुधारिएको महसुस हामीले गरिरहेका छौ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र र मानवअधिकारका अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तहरूलाई पालना गर्दै अगाडि बढ्ने कुरामा हाम्रो पार्टीको केन्द्रीय नीति नै रहेको छ । अवका दिनहरूमा तपाईहरूले यस्ता नियम, कानुनहरूको पालना भएको सजिलै देख्न पाउनुहुनेछ । हामीले पाल्पाको तानसेनमा जेनेभा महासन्धिको अक्षरसः पालना गरेका हौं । त्यस घटनामा पश्चिमाञ्चल एफएम स्टेशनमा बसेर सुरक्षाकर्मीले हामीलाई रातभर आक्रमण गरिरहे । हामीले भौतिक रुपमा धेरै नोक्सानी बेहोर्न बाध्य भयौं तरपनि हामीले वैचारिक तवरबाट जित हासिल गरेका छौ र मानवअधिकारको पालना गरेका छौ ।

**निष्कर्ष तथा सुझाव**

प्रत्यक्षदर्शी, पीडित तथा स्थानीयबासिन्दा र घटनाको स्थलगत अध्ययन अनुसार भिडन्तमा १७ जना सुरक्षाकर्मी, एक जना सर्वसाधारण विद्यार्थी र तीन जना माओवादीहरू गरी जम्मा २१ जनाको मृत्यु भएको पाइयो । तिनीहरूमध्ये आक्रमणमा परी १७ जना सुरक्षाकर्मीको मृत्यु भएको पाइयो । तर सुरक्षा निकायबाट १४ जना मात्र मृत्यु भएको भन्ने तथ्यांक दिइयो ।

मृत्यु हुने सुरक्षाकर्मीहरूमध्ये केहीलाई माओवादीहरूले कब्जामा लिई सकेपछि हत्या गरेको घटनाको प्रकृतिले देखाउँछ ।

आक्रमणका क्रममा माओवादीतर्फ चार जनाको मृत्यु भएको माओवादीले स्वीकार गरेको छ ।

घटनामा जम्मा २९ जना घाइते भएको पाइयो । ती मध्ये २३ जना सुरक्षाकर्मीहरू र छ जना सर्वसाधारण रहेको पाइयो ।

भिडन्तमा माओवादीले बम विस्फोट गराई आगजनी गरी सुरक्षाकर्मी चढेको चारओटा गाडीहरूमा आगजनी गरी पूर्ण रुपमा नष्ट गरेको पाइयो ।

माओवादीले आक्रमणपश्चात् १२ जनालाई कब्जामा लिई अपहरण गरी लगेका थिए । तिनीहरू मध्ये इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराका क्षेत्रीय संयोजक जीवन्त वाग्लेलगायतका मानवअधिकारकर्मी र पत्रकारहरूको पहलमा माघ २९ गते पाल्पा जिल्लाबाट १२ जनालाई नै मुक्त गरिएको थियो ।

सुरक्षाकर्मीले आक्रमणको क्रममा सर्वसाधारणहरूको घरहरू प्रयोग गरेको पाइयो ।

माओवादीले आक्रमणको क्रममा आक्रमणस्थल र सुनवल-देवदह क्षेत्रमा यत्रतत्र सकेटबम लगायतका युद्ध सामाग्रीहरू फालेको पाइयो ।

घटनामा माओवादी तथा सुरक्षाकर्मीहरूको उक्त कार्यले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन भएको पाइयो ।

माओवादीले आक्रमण कै क्रममा केही सुरक्षाकर्मीलाई कब्जामा लिए पश्चात हत्या गरिएको घटना अध्ययनको क्रममा बुझिएकोले अब यस्ता कार्यहरू नगरी अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न र कब्जा पश्चात हत्या गर्नेहरूलाई कारवाही गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समिति आह्वान गर्दछ ।

भिडन्तको समयमा एक निर्दोषसर्वसाधारण महिलाको मृत्यु भएको र पाचँ सर्वसाधारण घाइते भएकाले उनीहरूको उपचार गरी क्षतिपूर्ति दिन सरकारसँग माग गर्दछ । साथै उक्त भिडन्तबाट घरमा क्षति पुगेका सर्वसाधारणहरू र सुरक्षाकर्मीहरूद्वारा प्रयोग गरिएका सर्वसाधारणका ध्वस्त गाडीहरूको समेत क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दछ ।

**अनुसूची**

## माघ २७ गते अपहरितहरू

## शाहीसेना तर्फ

| क्र.स. | पद | अपहरीतको नाम | लिङ्ग | ठेगाना | जम्मा संख्या | घटनाको प्रकृति |
|---|---|---|---|---|---|---|
| १. | सैनिक जवान | कमानसिंह ऐर | पुरुष | बैतडी, गोकुललेश्वर गाविस २ | १ | (पुनः अपहरणमा परेका) |
| २. | सैनिक जवान | धिरबहादुर थापा | पुरुष | बाजुरा,वासी गाविस ५ | १ | (पुनः अपहरणमा परेका) |
| ३. | सैनिक जवान | चन्द्रमान ऐर | पुरुष | बाजुरा,बासी गाविस ५ | १ | (पुनः अपहरणमा परेका) |
| ४. | सैनिक जवान | राजेन्द्रसिंह महतारा | पुरुष | बाँके,सिद्धिपुर गाविस ९ | १ | (पुनः अपहरणमा परेका) |
| ५. | सैनिक जवान | महेन्द्र चौधरी | पुरुष | बर्दिया जिल्ला | १ | |
| ६. | सशस्त्र हवल्दार | कपिल चौधरी | पुरुष | रुपन्देही जिल्ला | १ | |
| ७. | सशस्त्र हवल्दार | प्रेम सागर चौधरी | पुरुष | नवलपरासी जिल्ला | १ | |
| ८. | सैनिक जवान | लिलबहादुर गुरुङ | पुरुष | तनहुँ जिल्ला | १ | |
| ९. | सैनिक जवान | लोकेन्द्र लिम्बु | पुरुष | पाचँथर जिल्ला | १ | |
| १०. | सैनिक जवान | दिपक शिवाकोटी | पुरुष | पाचँथर जिल्ला | १ | |
| ११. | सैनिक जवान | सुमन दाहाल | पुरुष | काभ्रे जिल्ला | १ | |
| १२. | सैनिक जवान | गंगा बहादुर कौली | पुरुष | | १ | |
| **जम्मा** | | | | | **१२ जना** | |

## ०६२ माघ २९ गते मुक्त हुनेहरू

१. महेन्द्र चौधरी, सिपाही
२. कपील चौधरी, हवल्दार सशस्त्र
२. प्रेमसागर चौधरी, हवल्दार सशस्त्र
४. लिलबहादुर गुरुङ, सिपाही
५. लोकेन्द्र लिम्वु, सिपाही
६. दिपक सिवाकोटी, सिपाही
७. सुमन दाहाल, सिपाही
८. गंगाबहादुर कौली, नायक
९. कमानसिहं ऐर, सिपाही (पुनः अपहरणमा परेका)
१०. धीरबहादुर थापा, सिपाही
११. चन्द्रमान ऐर, सिपाही
१२. राजेन्द्र सिहं महतारा, सिपाही

## प्रेस विज्ञप्ति

०६२ माघ २७ गते नवलपरासी जिल्ला सुनवल गाविस रमवापुरमा शाही नेपाली सेना र माओवादी बीच भएको दोहोरो भिडन्तमा भएको जन धनको क्षति प्रति नवलपरासी जिल्लामा कार्यरत मानवअधिकारवादी संघ संस्थाहरू गम्भीर दुःख व्यक्त गर्दछौं । आज माघ २८ गते अनुगमनको क्रममा शाही नेपाली सेनाले जेनेभा महासन्धी विपरित सर्वसाधारणका निजी सवारी साधनलाई युद्धमा प्रयोग गरेको तथा सर्व साधारणको घरको आड लिई गोली प्रहार गरिएको पाइनुका साथै घटना भएको २४ घन्टा बितिसक्दा पनि दोहोरो भिडन्तका क्रममा मृतक देखिएका शाही नेपाली सेना र सशस्त्र प्रहरीका १५ शव उठाउने कार्यक्षेत्रको राज्यपक्षबाट पहल नभएको पाइयो, साथै घटनास्थलमा यत्र तत्र छरिएका जोखिम युक्त सकेट बम, ग्रिनेट, बमहरूको जिम्मेवारी लिई सार्वजनिक नगरिएको पाइयो । सो स्थानमा भैसी मरेको र सर्वसाधारण घाइते भएको र एक जना महिलाको मृत्यु भएको पाइयो ।

यस्तै देवदहको भलुही र घोडाहा बीचमा २७ गते राती सम्म भइरहेको भिडन्तको बारेमा पत्रकार, मानवअधिकारकर्मीहरूलाई अनुगमन गर्न नदिनु र सो स्थानमा के कती मानवीय क्षति भयो राज्य पक्षबाट सार्वजनिक नगरिनु खेदजनक छ । यस्तो परिस्थितिमा हामी राज्य पक्षसँग भविष्यमा अस्ता घटना नदोहोरिने वातावरण बनाउन अविलम्ब युद्धविराम गरी सर्वपक्षीय वार्ताद्वारा शान्तिपूर्ण राजनीतिक निकास निकाल्न जोडदार माग गर्दछौं ।

१) इन्सेक, रुपन्देही जिल्ला प्रतिनिधि, भिष्मराज पन्थी
२) मानवअधिकार संरक्षण मञ्च, के.स. श्यामबहादुर पाठक
३) मानवअधिकार संरक्षण मञ्च, रुपन्देहीका लिलाधर मरासिनी
४) पत्रकार महासंघ, रुपन्देहीका सिद्धिचरण भट्टाराई
५) मानवअधिकार अनुगमन सञ्जालका, मनवीर गर्वुजा
६) सामाजिक जागरण तथा विकास मञ्चका, पुरुषोत्तम घिमिरे
७) नागरिक जागरण अभियान नेपालका, नवराज पुरी
८) नागरिक जागरण अभियान देवदह क्षेत्रका नारायण आचार्य

**विशेष धन्यवाद**

| | |
|---|---|
| १. सचिन घिमिरे | नेपाल बार एसोसिएसन, मानवअधिकार परियोजना, पोखरा |
| २. खगराज आचार्य | नेपाल मानवअधिकार संगठन, पोखरा |
| ३. रामप्रसाद सुवेदी | गै.स.स. महासंघ, कास्की |
| ४. भुपेन्द्र खनाल | एड्भोकेसी फोरम, पोखरा |
| ५. भीस्मराज पन्थि | इन्सेक जिल्ला प्रतिनिधि, रुपन्देही |

# प्रेश वक्तब्य

महेन्द्र राजमार्गको सुभवल रमापुरमा गत माघ २७ गते शाही सेनाका विरुद्ध जनमूक्ति सेनाले गरेको भिषण आक्रमणका क्रममा जनमूक्ति सेनाको कब्जामा परेका तपशिल बमोजिमका सबै सेना तथा प्रहरीका जवानहरुलाई आजै मानव अधिकारबादी, पत्रकार, नागरिक समाजको रोहबरमा रिहा गरिएको छ । जेनेभा महासन्धीको पालना गर्दै जिउदै कब्जामा परेकालाई स-सम्मान रिहा गरीदै आएको जनमूक्ति सेनाको गौरवमय परम्परालाई कायम राख्ने प्रतिबद्धता दोहो¥याउदछौं ।

तपशिल

| | | |
|---|---|---|
| (१) महेन्द्र चौधरी | सिपाही | |
| (२) कपील चौधरी | हवल्दार (शसस्त्र) | |
| (३) प्रेम सागर चौधरी | " " | |
| (४) लिल बहादुर गुरुङ | सिपाही | |
| (५) लोकेन्द्र लिम्बु | " | |
| (६) दिपक सिबाकोटी | " | |
| (७) सुमना बहाल | " | |
| (८) गंगा बहादुर कौली | (नायक) | |
| X(९) कमान सिं ऐर | (सिपाही) | ( पुनः गीरफ्तार भएका ) |
| (१०) धीर बहादुर थापा | " | " |
| X(११) चन्द्रमान ऐर | " | " |
| (१२) राजेन्द्र सिंह महतारा | " | " |

स्नेहा कोईराला
प्रवक्ता
पश्चिम सैन्य कमान्ड
जनमूक्ति सेना नेपाल
( २०६२ माघ २९ गते )